म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ९४ २०८० फागुन १० गते बिहीबार 22 February 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

**सवारी साधन व्यवस्थापनका लागि अनुरोध**

- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दुरीका बसहरु गोंगबुस्थित नयाँ बसपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं ।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्ण रुपले पालना गरौं ।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रुबाहक सवारी साधन रोक्ने, यात्रु चढ्ने, र ओर्लने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### हेटौंडा उपमहानगरपालिका

## बैठकको प्रत्यक्ष प्रसारण, निर्णय भने गोप्य

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका बैठक सामाजिक सञ्जालमार्फत प्रत्यक्ष प्रसारण भए पनि निर्णय भने गोप्य नै राखिएको छ। बैठकमा भएका निर्णयहरु के-के लेखियो भन्ने उपमहानगरपालिकाले सार्वजनिक गरेको छैन। माघ २६ गते बसेको कार्यपालिकाको बैठकका निर्णय सार्वजनिक भएको छैन ।

यसअघि पुस ६ गते, पुस २० गते र माघ १६ गते बसेको कार्यपालिका बैठकको निर्णय सार्वजनिक गरेको उपमहानगरपालिकाले पछिल्लो बैठकको निर्णय सार्वजनिक गरेको छैन । पछिल्लो पटक माघ १६ गते बसेको कार्यपालिका बैठकको निर्णय सार्वजनिक गर्दा उपमहानगरपालिकाले गम्भीर त्रुटी गरेको थियो। कार्यपालिका बैठकले गरेका निर्णय केही सार्वजनिक भएका थिए भने केही सार्वजनिक गरिएको थिएन। स्थानीय सरकारको बैठकका निर्णय औपचारिक रुपमा सार्वजनिक गर्दा केही सार्वजनिक हुनु र केही सार्वजनिक नहुनुले कानुनी जटिलता निम्तने जोखिम देखिएपछि माघ १६ गते गरिएका केही निर्णयलाई माघ २६ गते दोहोर्याएर निर्णय गरिएको थियो।

कार्यपालिका बैठकका निर्णयहरु सार्वजनिक नभएको विषयमा कर्मचारी र प्रवक्ता दुवैले सार्वजनिक हुन्छ भन्ने आश्वासन मात्रै दिने गरेका छन्। हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता समेत र हनुभएका १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेले सल्लाह गरेर निर्णय सार्वजनिक गरिने बताउनुभएको छ । यता उपमहानगरपालिकाको प्रशासन शाखाका कानुन अधिकृत लक्ष्मण मैनालीले माघ २६ गतेको निर्णय सार्वजनिक नभएको स्वीकार्नुहुँदै नगरप्रमुखको आदेश भए सार्वजनिक हुने जानकारी दिनुभयो ।

पछिल्लो बैठकमा कार्यपालिका सदस्यका विमतिका बीच आर्थिक सहयोगसम्बन्धी निर्णयहरु भएका छन् । स्थानीय सरकारको कार्यपालिका बैठकका निर्णयहरु बैठक लगत्तै नलेखिने र लेखिएका निर्णय कार्यपालिका सदस्यले समेत हेर्न पाउने व्यवस्था छैन । केही कार्यपालिका सदस्यहरुले सुरुवातदेखि कै निर्णयको दस्तावेज सार्वजनिक गर्न समेत माग गरिरहेका छन्। कार्यपालिका सदस्य भएर पनि निर्णयको प्रति हेर्न नपाएको एक वडा अध्यक्षको गुनासो छ । बैठकमा छलफल नै नभएका विषय पनि निर्णय पुस्तिकामा लेखेर प्रमाणित गर्ने गरिएको पनि वडाअध्यक्षहरुको आरोप छ ।

सार्वजनिकरुपमा तीव्र आलोचनापछि कार्यपालिका बैठकका निर्णय सार्वजनिक गर्न सुरु गरेको उपमहानगरपालिकाले अन्ततः कार्यपालिका बैठकको प्रत्यक्ष प्रसारण नै गर्न सुरु गरेको हो । आलोचनाबीच उपमहानगरपालिकाले कार्यपालिका बैठक पनि नियमित गर्ने प्रयास गरिरहेको छ । चालु आर्थिक वर्षमा पहिलो पटक माघ १६ गते कार्यतालिकाअनुसार कार्यपालिका बैठक बसेको हो । कार्यतालिकाअनुसार फागुन २ गते कार्यपालिका बैठक बस्नुपर्ने भए पनि बैठक हुन सकेन । हेटौंडा उपमहानगरपालिकाले हरेक महिनाको २ र १६ गते कार्यपालिका बैठक बस्ने कार्यतालिका बनाएको छ ।

## ८ नम्बर वडा पूर्ण संस्थागत सुत्केरी वडा घोषणा




*संस्थागत सुत्केरी वडा घोषणा कार्यक्रममा सहभागी स्थानीय ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको ८ नम्बर वडालाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको छ । बुधबार हेटौंडा-८ स्थित कमाने शहरी स्वास्थ्य केन्द्रको आयोजनामा भएको कार्यक्रममा पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको कमाने शहरी स्वास्थ्य केन्द्रकी प्रमुख विष्णु प्रधानले जानकारी दिनुभयो । वडाअध्यक्ष रामकृष्ण थापाले वडालाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गर्नुभयो ।

सबै मापदण्ड पूरा भएपछि पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको उल्लेख गर्नुहुँदै वडाअध्यक्ष रामकृष्ण थापाले घरमै सुत्केरी गराउनु सुरक्षित नभएका कारण सरकारले तोकेको, सुविधा भएको अस्पताल तथा स्वास्थ्यचौकीमा सुत्केरी गर्न, गराउन आग्रह गर्नुभयो । वडाका गर्भवतीहरु सबै अस्पताल र स्वास्थ्य चौकीमै सुत्केरी हुने सुनिश्चित भएको, घरमै सुत्केरी हुने दर शून्य रहेकोले वडालाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको शहरी स्वास्थ्य केन्द्र कमानेकी प्रमुख प्रधानले बताउनुभयो । यसअघि हेटौंडा उपमहानगरपालिकाको ६ र ९ नम्बर वडा पूर्ण संस्थागत सुत्केरी वडा घोषण भइसकेको छ ।

वडाले एक हप्ता घरदैलो र सर्वेक्षण गरेपछि पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गर्ने निर्णय गरिएको उहाँको भनाइ छ । प्रधानका अनुसार ८ नम्बर वडामा महिनामा १५ जनाभन्दा बढी संख्यामा महिलाहरु सुत्केरी हुने गरेका छन् । पूर्ण सुत्केरी वडा घोषणा कार्यक्रममा ९ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई फागुन १३ गतेदेखि १९ गतेसम्म लगाइने दादुरा रुबेला खोपको बारेमा समेत छलफल भएको छ । कार्यक्रममा खोप समन्वय समिति, टोल विकास समिति, विभिन्न संघ संस्था, आमा समूह, बालसमूह लगायत गरी ५० जनाको सहभागिता रहेको थियो ।

### बागमती गोल्डकप-२०८०

## उपाधि जित्ने मच्छिन्द्र र एपीएफ दुवैको दावी



*बागमती गोल्डकपको सिल्ड उचाल्दै फाइनल भिड्ने टिमका दुइ क्याप्टेन ।*

समाज संवाददाता

फापरबारी (बागमती): मकवानपुरको बागमती गाउँपालिकामा जारी छैठौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिताको फाइनल खेल बिहिबार हुँदैछ। प्रतियोगिताको फाइनलमा प्रवेश गरेका मच्छिन्द्र फुटबल क्लब र विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ दुवै टिमले उपाधी जित्ने दावी गरेका छन् । दुवै टोली पहिलो पटक बागमती गोल्डकपको फाइनलमा प्रवेश गरेको हो ।

बुधबार जनता माविको खेल मैदानमै भएको प्रि-म्याच कन्फ्रेन्समा बोल्दै मच्छिन्द्रका प्रशिक्षक सन्तोष न्यौपानेले प्रतियोगिताको उपाधि जित्नका लागि राम्रो तयारी गरेको बताउनुभयो । खेलाडीहरु शारीरिकरुपमा ठिक भएकाले राम्रो अट्याकिङ गरेर निर्धारित ९० मिनेटभित्र गोल गरेर उपाधि जित्ने तयारी गरेको उहाँको दावी छ। फाइनलमा राष्ट्रिय खेलाडी मनिष डाँगी खेल्ने सम्भावना एकदम कम रहेको उहाँले बताउनुभयो । यसअघिका खेलमा पनि डाँगी खेलेको थिएनन् ।

यस्तै एपीएफका म्यानेजर सुशील अधिकारीले आफु उपाधि जित्नेमा विश्वस्त र आशावादी भएको बताउनुभयो । सबै टिम जित्नका लागि नै प्रतियोगिता खेल्ने बताउनुहुँदै उहाँले आफुहरु पनि जित्नका आएको बताउनुभयो । माघ २७ गते हेटौंडामा सम्पन्न सहीद स्मृति स्थानीय तह मकवानपुर गोल्डकप जितेकोले यो कप पनि जित्नेमा पनि आफु विश्वस्त रहेको उहाँको भनाई छ ।

यस्तै मच्छिन्द्रका कप्तान उत्वसव राईले यो पटक राम्रो अट्याकिङ खेलेर उपाधि जित्ने लक्ष्य रहेको बताउनुभयो । यो पटक विभिन्न तीन वटा मोफसल गोल्डकपमा हार व्यहोर्दा दुखी रहेको बताउनुहुँदै यो पटक भने उपाधि जित्ने गरी खेल्ने बताउनुभयो। यस्तै एपीएफका कप्तान मानबहादुर राना मगरले गोल्डकप जित्ने गरी खेल्ने बताउनुभयो। मकवानपुर गोल्डकप जितेर आत्मबल बढेकाले बागमती गोल्डकप जित्ने उहाँले दावी गर्नुभयो ।

यस्तै बागमती खेलकुद विकास समितिका सल्लाहकार एवम् पूर्व खेलकुद विकास समितिका अध्यक्ष अरुण बलले सहरकेन्द्रीत मात्रै फुटबल प्रतियोगिता भइरहेको अवस्थामा गाउँ-गाउँबाट नै खेलाडी उत्पादन गर्नुपर्छ भन्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्दै आइरहेको बताउनुभयो। उहाँले खेलाडी उत्पादनका लागि फुटबल प्रतियोगिता गराइराख्नुपर्ने बताउनुभयो ।

बागमती खेलकुद विकास समितिका उपाध्यक्ष मुक्ति लामाको सभाध्यक्षतामा भएको पत्रकार सम्मेलनमा बागमती-४ का वडाध्यक्ष दन्तलाल माझी र मकवानपुर जिल्ला फुटबल संघका सदस्य आषिश थापा लगायतको उपस्थिति रहेको थियो । प्रतियोगिताको विजेता टिमले १० लाख रुपैयाँ र उपविजेता टिमले ५ लाख रुपैयाँ प्राप्त गर्नेछ । यस्तै सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र अन्य विधागत उत्कृष्टहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

**हार्दिक बधाई एवम् आभार**




मकवानपुर क्रिकेट संघको आयोजनामा सम्पन्न **दोस्रो संस्करणको स्व. निरज श्रेष्ठ स्मृति विद्यालयस्तरीय क्रिकेट प्रतियोगिता**को उपाधि विजेता हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय मावि, उपविजेता भुटनदेवी माविलाई हार्दिक बधाई ज्ञापन गर्दै सहभागी सम्पूर्ण विद्यालय, प्रतियोगिता आयोजनाका लागि प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछौं ।

सञ्जोग पोखरेल, संयोजक

**एवम् मकवानपुर क्रिकेट संघ परिवार**

हेटौंडा, मकवानपुर

सम्पादकीय

# विश्वविद्यालयको औचित्य

बागमती प्रदेश सरकारले सार्वजनिक विश्वविद्यालयसम्बन्धी विधान स्वीकृत गरेको छ । मंगलबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले हेटौंडामा सार्वजनिक विश्वविद्यालय स्थापनाका लागि विधान स्वीकृत गरेको हो । बैठकले प्रदेश उच्च शिक्षा ऐन २०७८ बमोजिम विश्वविद्यालय स्थापना तथा सञ्चालनको विधान स्वीकृत गर्दै प्रदेश सार्वजनिक विश्वविद्यालय स्थापनाका लागि सामाजिक विकास मन्त्रालयलाई सैद्धान्तिक स्वीकृतिसमेत दिएको छ । मन्त्रिपरिषद्को स्वीकृतिपछि प्रदेश विश्वविद्यालयका लागि आवश्यक भौतिक संरचना, जग्गा, मापदण्डलगायतका विषयमा अध्ययन तथा अनुगमन र कार्यप्रगति मूल्यांकनका लागि मन्त्रिपरिषद्ले निर्देशनसमेत दिएको छ । मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार विश्वविद्यालय स्थापनाका लागि आवश्यक पूर्वाधार र मापदण्ड मूल्यांकन गरी थप संरचना निर्माण गरेर अघि बढ्न मन्त्रालयलाई निर्देशन दिएको हो ।

करिब २ महिनाअघि प्रदेश सरकारले हेटौंडाको मकवानपुर बहुमुखी क्याम्पसलाई प्रदेशको सार्वजनिक विश्वविद्यालय बनाउने निर्णय गरेको थियो । मोफसलकै धेरै विद्यार्थीहरु अध्ययन गर्नेमध्यको एक क्याम्पसको रुपमा रहेको मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालय बनाउने निर्णय गरेको हो । बागमती प्रदेशमा प्रदेश सरकार मातहतको विश्वविद्यालय आवश्यक रहेको भन्दै प्रदेश विश्वविद्यालय स्थापनामा प्रदेश सरकार क्रियाशील बनेको छ । प्रदेशको राजधानीसमेत रहेको हेटौंडाको सामुदायिक क्याम्पस मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालय बनाउने निर्णयले हेटौंडाबासीलाई उत्साहित बनाएको छ । सरोकारवाला र मकवानपुर बहुमुखी क्याम्पस सञ्चालक समितिसँगको विभिन्न चरणमा गरिएको छलफलपश्चात् विश्वविद्यालय बनाउने निर्णय लिइएको हो । प्रदेश राजधानी हेटौंडामा शिक्षा र स्वास्थ्यको अवस्था कमजोर रहेका कारण प्रदेश सरकारका योजनाबाट हेटौंडाको विकासमा टेवा पुग्ने विश्वास गरिएको छ । बागमती प्रदेश सरकारले यसअघि हेटौंडामा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरी स्वास्थ्यसम्बन्धी विभिन्न विषयको पठनपाठन सुरु गरिसकेको छ । हेटौंडा अस्पताललाई प्रतिष्ठान मातहतमा ल्याएर स्वास्थ्य सेवाको विकास र विस्तारमा सहयोग गर्दै आएको छ ।

प्रदेश राजधानीमा प्रादेशिक विश्वविद्यालय स्थापना गर्ने निर्णय हुनु र त्यसको तयारीका लागि सरकारले निर्देशन दिनुलाई सकारात्मक मान्नुपर्छ । हेटौंडामा ४ दशकभन्दा बढी समयदेखि सामुदायिक क्याम्पसको रुपमा सञ्चालन भइरहेको मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालय बनाउने निर्णय भएपछि क्याम्पस सञ्चालक समिति र प्राध्यापकहरुले आवश्यक तयारी गर्दै आएका छन् । बुधबार मन्त्रिपरिषद् बैठकले सामाजिक विकास मन्त्रालयलाई विश्वविद्यालयका लागि आवश्यक पूर्वाधार र मापदण्ड बनाउन निर्देशन दिएपछि विश्वविद्यालय स्थापनाको तयारीले थप तिब्रता पाउने आशा गर्न सकिन्छ । मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको रुपमा विकास गर्न अहिलेको भौतिक संरचना र जग्गाले पुग्दैन । प्रदेश सरकारले हेटौंडा उपमहानगरपालिका वा संघीय सरकारसँग आवश्यक समन्वय गरेर उपयुक्त स्थानमा आवश्यक जग्गा व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

देश संघीयतामा गएपछि प्रदेश सरकारले आफ्नै विश्वविद्यालय स्थापना गर्न खोज्नु स्वभाविक प्रक्रिया हो । तर, पछिल्लो समय देशमा स्थापना भएका पुराना तथा नयाँ विश्वविद्यालयमा विद्यार्थी अभाव भइरहेको अवस्थामा हेटौंडामा खोलिने विश्वविद्यालयको हालत के होला ? त्यसतर्फ पनि ध्यान दिनु आवश्यक छ । नयाँ विश्वविद्यालय स्थापना गर्नुअघि त्यसको औचित्य र आवश्यकता अनि प्रभावकारिता र स्थायित्वको बारेमा व्यापक बहस र अनुसन्धान आवश्यक छ । देशमा रहेका अन्य विश्वविद्यालयहरुको भन्दा फरक विषयका शैक्षिक कार्यक्रम सञ्चालन गर्दै देशलाई चाहिएको उपयुक्त जनशक्ति तयार गर्नेगरी विश्वविद्यालय खोल्नुपर्छ । नयाँ खुल्ने सार्वजनिक विश्वविद्यालयले गुणस्तरीय शिक्षा प्रदान गरी स्वदेशका विद्यार्थीलाई विदेश जान रोक्ने र विदेशी विद्यार्थीलाई समेत आकर्षण गर्ने क्षमता राख्न सक्नुपर्छ । अन्यथा विश्वविद्यालय स्थापना र सञ्चालनका लागि प्रदेश सरकारले खर्चने ठूलो धनराशि बालुवामा पानी हालेसरह हुनेमात्र होइन, सरकारलाई दीर्घकालीन आर्थिक दायित्वसमेत सृजना हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : परिश्रमले महत्वपूर्ण योजना तयार होला ।
**वृष** : आर्थिक अवस्थामा कमजोरी देखापर्ला ।
**मिथुन** : व्यापार–व्यवसायबाट धनागम हुने समय छ ।
**कर्कट** : दीर्घकालिन कार्यको शुरुवात हुने समय योग छ ।
**सिंह** : पदोन्नति र मानसम्मान प्राप्त हुने समय योग छ ।
**कन्या** : स्वास्थ्य सम्बन्धि समस्या योगबाट बच्नुपर्ला ।
**तुला** : दाम्पत्यजीवन र पारिवारीक पक्षबाट लाभ प्राप्त ।
**वृश्चिक** : व्यापार–व्यवसायबाट लाभ नहुने योग छ ।
**धनु** : दीर्घकालिन योजना सम्पन्नमा समय व्यतित ।
**मकर** : वादविवाद र अनावश्यक दौडधूप बढ्ने छ ।
**कुम्भ** : बोली र स्वास्थ्य समस्याले सताउने छ ।
**मीन** : धन व्यय हुने समय योग रहेको छ ।

# बैंकहरुले ऋणीलाई ठगिरहेका छन् ?



**भुवन दाहाल**

गत केही समयदेखि केही व्यक्तिले नेपालका बैंकहरू विरुद्ध विभिन्न आरोप लगाइरहेका छन् । यो सूचीमा नेपालका सबैभन्दा ठूला दुई पार्टीका महत्वपूर्ण नेताहरु पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष खड्गप्रसाद शर्मा ओली र नेपाली कांग्रेसका सभापतिका प्रत्यासी तथा सांसद शेखर कोइराला पनि जोडिएका छन् ।

२०८० माघ १९ गते बैंक तथा वित्तीय क्षेत्र कर्मचारी संघ नेपाल, राष्ट्रिय समितिको तुलसीलाल स्मृति प्रतिष्ठान, च्यासलमा आयोजित राष्ट्रिय महाधिवेशनमा बोल्दै पूर्वप्रधानमन्त्री ओलीले बैंकहरू मिटरब्याजी भएको लगायत अन्य गम्भीर आरोपहरु पनि लगाउनुभएको थियो । बैंकहरू मिटरब्याजी हुन् भन्ने लगायतका आरोप लगाइरहनुभएका उहाँको पार्टीका पूर्व केन्द्रीय सदस्य तथा व्यवसायी दुर्गा प्रसाईं त पूर्वप्रधानमन्त्री ओली पनि आफ्नो धारणामा जोडिन आएको कुरा सगौरव बताउँदै हुनुहुन्छ। दुई-दुई चोटि प्रधानमन्त्री हुनुको अलावा पछिल्लो दुवै आम-चुनावमा जनमत (समानुपातिक मत) का हिसाबले पहिलो पार्टीका अध्यक्षको उखानटुक्का सहित आफ्ना कुरा राख्ने शैलीले सर्वसाधारणलाई पनि प्रभाव पारेको देखिन्छ ।


उहाँ स्वयम् प्रधानमन्त्री भएको बेला नियुक्त हुनुभएका गभर्नर तथा डेपुटी गभर्नरहरूको नेतृत्वमा हाल बैंकिङ क्षेत्र रहेको छ । उहाँ जस्तो देशको सबैभन्दा ठूलो पार्टीको अध्यक्षले लगाउनुभएको आरोपहरूको बारेमा जनतालाई यथार्थ कुरा नबताउने हो भने देशलाई क्षति हुने ठानी यो लेख तयार गरेको छु ।

**बैंक विरुद्ध ओलीका पाँच आरोप र यथार्थ**

१. तीन/तीन महिनामा ब्याज साँवामा जोड्ने हुनाले बैंकहरू मिटरब्याजी हुन् ।

तथ्यः नेपाल सरकारले गठन गरेको मिटरब्याजी अपराध नियन्त्रण सम्बन्धी कार्यदलले मिटरब्याजीलाई निम्न हिसाबले परिभाषा गरेको छ :

"अधिकांश गरिब तथा निरक्षर व्यक्तिहरुले पैसाको गर्जो टार्नका लागि चर्को ब्याजमा पैसा लगाउने धन्दा गर्नेहरुसँग कानुनी रुपले अस्वीकार्य/प्रचलित दरभन्दा धेरै बढी ब्याज तिर्ने कबोल गरी ऋण लिने र त्यसो गर्दा ऋणदाताले एउटा कागजमा कानुनी रूपले स्वीकार्य दर राखी अर्को समानान्तर कागज खडा गरी उच्च दरको ब्याज लिने, ऋणीले तिरेको साँवा-ब्याजको हिसाब नराखी वा तमसुकमा दरपीठ नगरी रकम तिरेको छैन भन्ने, रकम चुक्ता भइसकेपछि पनि तमसुक नच्याती पैसा नतिरेको भनी अदालतमा मुद्दा दायर गर्ने, तमसुकमा उल्लिखित अङ्कमा पछि आफैं अङ्क थप गरी ऋणीले लिएको वास्तविक ऋणभन्दा कैयौं गुणा बढी रकम दाबी गर्ने, ऋण लिएको मितिभन्दा धेरै वर्ष अघिको मिति राखी तमसुक बनाई अनधिकृत ब्याज असुल गर्ने, ऋण दिंदा एउटा थैली कायम गरी त्यसको निश्चित प्रतिशत रकम कट्टा गरी बाँकी रकम मात्र ऋणीलाई दिई पूरै रकमको उच्चदरले ब्याजसहित असुली गर्ने, ऋणीसँग वास्तविक ऋणको तेब्बर रकमको तमसुक बनाई निजको जग्गा समेत दृष्टिबन्धक राख्ने र कागजी ऋण तिर्न नसकेकोमा त्यस्तो दृष्टिबन्धक जग्गा रजिस्ट्रेसन पास गरी लिने, वास्तविक ऋण भन्दा तेब्बर वा सोभन्दा बढीको तमसुक खडा गरी ऋणीले ऋण तिरेपछि फिर्ता गर्ने शर्तमा ऋणीको घरजग्गा राजीनामा पास लिने तर रकम भुक्तान भइसकेपछि पनि उक्त घरजग्गा फिर्ता नगरी हडप्ने गरेको, खाली चेकमा सही गराई राख्ने र आफैं चेकमा मिति तथा रकम भरी चेक बाउन्स लगायतका मुद्दामा फसाउने गरेको वा सोको धम्की दिई गैरकानुनी रुपले ऋणको धेरै गुणा रकम असुल्ने, ऋणीलाई पारिश्रमिक नदिई काममा लगाउने, ऋणीको यौनशोषण वा ऋणी विरुद्ध यौनहिंसा गर्ने गरेको लगायतका अपराधमा संलग्न हुने साहु-महाजन तथा ऋणदातालाई मिटर ब्याजी भनेर बुझ्न सकिन्छ ।"





*गत केही वर्षको असार महिनाको कर्जाको भारित औसत ब्याजदर(प्रतिशतमा) तल प्रस्तुत गरिएको छ :*

उपरोक्त कार्यदलले परिभाषा गरेको मिटरब्याजी र पूर्वप्रधानमन्त्रीको परिभाषाको मिटरब्याजीमा छेउपुच्छर केही मिल्दैन । मिटरब्याजीहरूले गर्ने कुनै बदमासी नगरिकन पनि बैंकहरू मिटर ब्याजी हुन् भन्ने संगीन आरोप सुन्न अभिशप्त छन् ।

कुनै पनि बैंकले सबै ऋणीको ब्याज ३/३ महिनामा साँवामा जोड्दैनन् । कुनै ऋणीले ३/३ महिनामा ब्याज तिर्ने शर्तमा ऋण लिनुभएको छ र तिर्नुभएन भने उहाँको मात्र जोडिने हो। कुनै ऋणीले ११.३८ प्रतिशत ब्याजदरमा (नेपाल राष्ट्र बैंकको प्रतिवेदन अनुसार पुस २०८० मा बैंकिङ क्षेत्रको औसत कर्जाको ब्याजदर ११.३८ प्रतिशत थियो) कर्जा लिनुभएको छ र उहाँले भन्नुभए झैं ३/३ महिनामा ब्याज नतिरे सोलाई साँवामा जोड्दा वार्षिक ब्याजदर ११.८७ प्रतिशत हुन्छ । (लघु वित्त संस्थाहरूले पनि १५ प्रतिशत भन्दा बढी ब्याजदर लिन पाउँदैनन् ।)

नेपालका मिटरब्याजी पीडितहरूको वार्षिक ब्याजदर ११.८७ प्रतिशत वा १५ प्रतिशत मात्र भएर यत्रो आन्दोलन गर्नुभएको होला ? उहाँहरूको यथार्थ वार्षिक लागत असाध्यै धेरै हुनुको अलावा अन्य विभिन्न खाले शोषण पनि भोग्नुभएको छ भन्ने कुरा त कार्यदलको परिभाषाले नै स्पष्ट गरेको छ। त्यसैले त अहिले पनि उहाँहरू मेची-महाकालीदेखि आफ्ना पीडा पोख्न काठमाडौं पैदलयात्रामा हुनुहुन्छ ।

बैंकहरूमा त्रैमासिक मात्र हैन, मासिक रूपमा निक्षेपमा ब्याज तिर्ने तथा कर्जामा ब्याज लिने चलन पनि हुन्छ । संसारभरि बैंकिङ (इस्लामिक बैंकिङ बाहेक) यसरी नै चल्छ । के संसारभरिका सरकारहरुले एकथरी मिटरब्याजी हुँदाहुँदै उहाँको भाषामा अर्कोथरी मिटरब्याजी (बैंक) खडा गर्न लागे होलान् ? उहाँ स्वयम् प्रधानमन्त्री भएका बेला नेपाल इन्फ्रास्ट्रक्चर बैंकको समुद्घाटन तत्कालीन अर्थमन्त्री डा.युवराज खतिवडाले गर्नुभएको कुरा यहाँ उल्लेख गर्न चाहन्छु ।

२. कर्जाको धितोमा ठूला र साना बीचमा विभेद गर्छन्- हुनेखाने जसलाई ऋण चाहिएको छैन उसलाई विना धितो ऋण दिन्छन् । ऋण चाहिने साना ऋणीहरूसँग चाहिं एकदम राम्रो ठाउँको धितो (उहाँकै शब्दमा मुटु-कलेजो छानी-छानी) लिन्छन् ।

तथ्यः बैंकले कसैलाई पनि विना धितो (चल-अचल आदि सम्पत्ति नलिई) कर्जा दिंदैन । यथार्थ के हो भने बैंकसँग लामो समयदेखि ऋण लिएर विश्वास जितेका ग्राहकहरूको हकमा (साना-ठूला दुवै) बैंकले अतिरिक्त धितो माग्दैन र कर्जा पनि तुलनात्मक रुपमा चाँडो स्वीकृत गर्छ । यस्ता राम्रा ग्राहकहरूलाई त ऋण आवश्यक परेमा हाम्रोबाट लैजानुस् है भनेर बेलाबेलामा भेटिरहन्छ पनि । बैंकहरुले यस्ता ग्राहकहरुबाट पनि भोलि के हो के हो भनेर व्यक्तिगत जमानत पत्र सकेसम्म लिन्छन् । नयाँ ग्राहक (ठूला-साना दुवै) जसको बारेमा बैंक पूर्ण विश्वस्त छैन, उसलाई ऋण नदिन सक्छ; दिए पनि थप धितो माग्न सक्छ । बैंकले यसै गर्नुपर्ने हो, नत्र निक्षेपकर्ताको हित हुँदैन ।

हाल बैंकहरूले कुल कर्जाको ५ प्रतिशत विपन्न वर्गमा प्रवाह गर्नैपर्छ । त्यसैगरी, २०८१ असारसम्ममा कुल कर्जाको ११ प्रतिशत कर्जा लघु, घरेलु, साना तथा मझौला उद्यमका क्षेत्रमा (रु. १ करोडभन्दा कम रकमको कर्जा प्रत्यक्ष रुपमा विपन्न वर्गलाई दिएको कर्जा समेत) र थप ११ प्रतिशत कृषि क्षेत्रमा प्रवाह गर्नैपर्छ । सो बराबरको कर्जा प्रवाह नगरे बैंकहरुले नेपाल राष्ट्र बैंकलाई कर्जाको अधिकतम ब्याजदरको हिसाबले हर्जाना तिर्नुपर्दछ । फाट्टफुट्ट बैंक बाहेक अधिकांशले हर्जाना तिरेका छैनन् । वाणिज्य बैंकहरू, विकास बैंक र फाइनान्स कम्पनीहरुले मात्र गत पुस मसान्तमा ३ खर्ब ३१ अर्ब रुपैयाँभन्दा बढी कर्जा विपन्न वर्गमा प्रवाह गरेका थिए। १५ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने र साना कर्जा मात्र प्रवाह गर्न खोलिएका लघु वित्त संस्थाका ऋणीहरूको संख्या मात्र २७ लाख ३५ हजारभन्दा बढी छ ।

उपरोक्त तथ्यले प्रष्ट पार्दछ बैंकहरुले हुनेखाने ठूला मात्र हैन साना ग्राहकलाई पनि कर्जा प्रवाह गर्छन् । त्यसैगरी, धितोको सबालमा रु.२० लाखसम्मको कृषि लगायतका केही अन्य कर्जा प्रवाह गर्दा मोटर बाटो नपुगेको खेतीयोग्य जमिन पनि लिने गर्छन् । सकेसम्म राम्रो (लिलाम गरेको अवस्थामा बिक्री हुन सक्ने) धितो लिन खोज्नु त बैंकहरुको कर्तव्य नै हो, भीर-खोलाको जग्गा लियो भने त उनीहरुमाथि प्रश्न उठ्छ, कारबाही हुन्छ। फेरि, धितो लिलाम गर्नुपर्ने अवस्था आएको खण्डमा पनि साँवा-ब्याज भन्दा बढी आएको रकम बैंकहरूले ऋणीलाई नै फिर्ता गर्दछन् ।

केही बैंकहरूले एकताका वैदेशिक रोजगारीमा जाने नागरिकहरुलाई नागरिकता मात्र धितो राखेर कर्जा प्रवाह गरेका थिए । त्यो कर्जा लिने धेरैले बैंकलाई फिर्ता गर्न मन पराउनुभएन किनकि नागरिकताको अर्को प्रमाणपत्र लिन मिलिहाल्थ्यो । अहिले पनि व्यवसाय बाहेक थप धितो नलिई प्रवाह भएका साना सहुलियतपूर्ण कर्जामा निष्क्रिय कर्जा तुलनात्मक रुपमा बढेको छ । बुद्धले ढाँट कुरा नगर, कसैलाई नठग भनेर हामीलाई सिकाउनुभयो तर आज हाम्रो समाज त 'आए बाउको, गए साहुको' भनेर सोच्छ । यस्तो समाजमा बैंकहरूले विना धितो कर्जा प्रवाह गर्न सक्लान् ? धितोले ऋणीलाई कडा मिहिनेत गर्न सिकाउँछ, अनुशासित बनाउँछ ।

३. बैंकहरू नाफाखोरी जस्ता छन् । अरुले नकमाउने बैंकले मात्र कमाउने ? यसरी कमाउने उसरी कमाउने । अर्ब अर्ब मुनाफा कमाउँछ । सस्तोमा पैसा लिन्छ र धेरै महँगोमा दिन्छ। निक्षेपकर्ता र ऋणीलाई हेर्नुपर्छ । नाफाखोरी हुनुहुँदैन आदि ।

तथ्यः चालु वर्षको ६ महिनामा वाणिज्य बैंकहरूले ६७१ अर्ब ७३ करोड पूँजी लगानी गरेर २८ अर्ब ७७ करोड खुद नाफा कमाएको विवरण प्रकाशित गरेका छन्। यो प्रतिफल लगानीको १० प्रतिशत भन्दा कम हो, नाफाखोरीको परिभाषामा कतै पनि पर्दैन । बैंकहरूले कर्जाको औसत ब्याजदर र निक्षेपको औसत ब्याजदर अन्तर ४ प्रतिशतभन्दा गर्न पाउँदैनन्। त्यसैगरी, लघुकर्जा प्रवाह गर्ने लघु वित्त संस्थाहरू तथा २ करोडसम्मका उद्यम व्यवसाय कर्जामा (आयात सम्बन्धी बाहेक) बैंकहरूले आधार दर भन्दा २ प्रतिशतसम्म मात्र प्रिमियम थप्न पाउँछन् । सबै प्रकारका निक्षेप र कर्जाका ब्याजदर तथा अन्य सेवा शुल्क पारदर्शी हुनैपर्छ । जथाभावी लिन पाइँदैन । आरोप र तथ्यको बीच कुनै मेल छैन ।

नेपालका बैंकहरुमा कर्जा प्रवाह गर्दा तयार गर्ने कागजातहरूलाई थप सरलीकृत गर्नु चाहिँ जरुरी छ । नेपाल राष्ट्र बैंकले केही वर्ष पहिलेको मौद्रिक नीतिमा यो उल्लेख पनि गरेको थियो ।

४. बैंकले धितो हेर्छ, ऋणको सदुपयोग भयो कि भएन भनेर हेर्दैन । भैंसी किन्न लिएको पैसा तरल पदार्थमा लगायो कि ? मुटु-कलेजो जस्तो छानेर लिएको धितो छँदैछ भनेर ठान्छ आदि'

तथ्यः कर्जा स्वीकृत गर्नुपूर्व नै कर्जाको प्रयोजन अध्ययन गर्नु अनिवार्य छ । त्यसपछि पनि आवधिक रूपमा बैंकहरूले व्यवसाय कर्जाको अनुगमन गर्नैपर्छ। त्यसो नगर्ने बैंकहरू राष्ट्र बैंकको कारबाहीमा पर्छन् । तथापि, मैले पनि कर्जाको केही दुरुपयोग भएको, केही ऋणीको धितोमा बैंकरहरूले नै आँखा लगाएको जस्तो कुरा सुनेको छु। निःसन्देह ती गलत काम हुन् र तिनलाई नियन्त्रण गरिनुपर्दछ तर त्यो संख्या धेरै कम प्रतिशतमा हुनुपर्छ ।

५. बैंकहरूले कर्जाको ब्याजदर परिवर्तन जथाभावी गर्छन् । कर्जा सम्झौतामा घटाउने/बढाउने भनेको हुन्छ तर बढ्छ मात्र घट्दैन। दुवैको सहमतिमा मात्र ब्याजको दर परिवर्तन गर्नुपर्नेमा एकतर्फी रूपमा बैंकले ९ प्रतिशत ब्याज १४ प्रतिशत पुऱ्याउँछ, खल्तीमा बोकेको पैसा हैन झोलामा बोकेको पैसाले पनि ऋण तिर्न पुग्दैन ।

तथ्यः २०७४ अघि बैंकहरूले आफ्नो हिसाबले कर्जाको ब्याजदर परिवर्तन गर्न सक्थे। २०७४/७५ बाट बैंकहरूले आधार दरमा आएको परिवर्तनका आधारमा स्वतः कर्जाको ब्याजदर घटबढ गर्न थाले । २०७८/७९ सालसम्ममा पनि कतिपय बैंकहरूले कतिपय ग्राहकहरूको सहमति विना वा करकापमा पारेर ब्याजदर बढाएको पाइएपछि नेपाल राष्ट्र बैंकले बढाएको ब्याजदर बराबरको रकम (सहमतिमै बढाएको भए पनि सुरूको सम्झौताभन्दा बढी लिएको रकम समेत) फिर्ता गर्न लगायो र प्रमुख कार्यकारी अधिकृतहरूलाई लिखित कागज नै गरायो । गत डेढ वर्षदेखि बैंकहरूले एकतर्फी रूपमा कर्जाको ब्याजदर बढाए भन्ने गुनासो सुनिएको छैन ।

ब्याजदर घटबढमा मूलतः बजारमा उपलब्ध तरलता र केन्द्रीय बैंकको नीतिले प्रभाव पार्दछ ।

जसरी गल्ती/कमजोरी नगर्ने मानिस हुँदैन, गल्ती/कमजोरी नहुने कुनै संस्था/क्षेत्र पनि हुँदैन । बैंकिङ क्षेत्र दूधले नुहाएको छ, सबै बैंकरहरु इमानदार छन् भनेर कसैले भन्न सक्दैन । केही खराब व्यक्ति/संस्थाहरु त जुनसुकै क्षेत्रमा पनि हुन्छन् । राम्रा संस्था/व्यक्तिहरुबाट पनि कहिलेकाहीं गल्ती हुन सक्छ । सुधारको सम्भावना जहिले पनि रहन्छ र स्वस्थ आलोचनाको स्वागत गर्नुपर्छ । नेपाल राष्ट्र बैंक तुलनात्मक रुपमा कडा नियामक भएकाले अधिकांश बैंकले उसको नियम पालना गर्छन् । केही बैंकहरुले स्वस्फूर्त रुपमा पनि राष्ट्र बैंकको नियम पालना गर्छन्।

नेपालको बैंकिङ क्षेत्र तुलनात्मक रुपमा बढी पारदर्शी र ग्राहकमैत्री छ । नीति-नियम पालनाका मामलामा नेपालका अन्य क्षेत्रहरू र बैंकिङ क्षेत्रको तुलनात्मक अवस्थाको अध्ययन गरे यो कुरा प्रष्ट हुन्छ।

आफूलाई केही कुरामा चित्त बुझेन भन्दैमा कसैलाई गलत आरोप लगाउनु उपयुक्त हुँदैन । बैंकहरुलाई मिटरब्याजी भनेर आरोप लगाउनुहुने नेताहरूले बैंकिङ व्यवसायको बारेमा थप अध्ययन गर्नु जरुरी छ । प्रतिपक्षी दलका नेताले पनि नेपाल राष्ट्र बैंकका गभर्नर तथा डेपुटी गभर्नरहरुसँग चिया पिउँदै समग्र बैंकिङका बारेमा आवधिक रूपमा औपचारिक छलफल गर्ने परिपाटीको थालनी गर्न सके २०८० माघ १९ को जस्तो अभिव्यक्ति आउँदैनथ्यो र जनतामा गलत सन्देश प्रवाह हुँदैनथ्यो ।

(नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष दाहाल हाल फाइनान्सियल लिटरेसी नेपालका अध्यक्ष छन् । स्रोतः अनलाईनखबर)

# घोषणापत्र जारी गर्दै चलचित्र पत्रकारको राष्ट्रिय भेला सम्पन्न



समाज संवाददाता

हेटौंडाः चलचित्र पत्रकार संघ नेपालको प्रथम राष्ट्रिय भेला १३ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ। हेटौंडामा शनिबारबाट सुरु भएको भेला मंगलबार घोषणापत्र जारी सँगै सम्पन्न भएको हो।

भेलामा विभिन्न विषयमा अन्तरसंवादका साथै कार्यशाला भएका थिए। कार्यक्रममा सहभागी हुन देशभर बाट करिब दुई सय चलचित्र पत्रकार र कलाकारहरुको उपस्थिति रहेको थियो। संस्था स्थापनाको २५ वर्ष पूरा भएको अवसरमा संघको आयोजनामा भएको भेलामा सिनेमा र पर्यटन संवाद, अन्तरक्रिया, कार्यशाला, गोष्ठी, कार्यपत्र प्रस्तुतलगायत विषयका सेसन सञ्चालन भएका थिए।

भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माण गरी हेटौंडासहित समग्र मकवानपुरलाई फिल्म हवको रुपमा विकास गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ। केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले स्थानीय पर्यटकीय ठाउँको पर्यटन प्रवर्द्धनका लागि सिनेमा पर्यटनलाई जोड दिँदै विभिन्न कार्यक्रमहरु तय गर्नुपर्ने माग घोषणापत्रमा गरिएको छ। यस्तै, हेटौंडाको आसपासका क्षेत्र र मकवानपुरको चित्लाङ, कुलेखानी, दामन, पालुङ, मकवानपुरगढीलगायत ठाउँमा सिनेमा पर्यटनलाई जोड दिई आवश्यक पूर्वाधार निर्माणका लागि प्रदेश र स्थानीय सरकारले आवश्यक बजेट विनियोजन गर्नुपर्ने उल्लेख छ।

नेपाली सिनेमा बजारको अध्ययन, अनुसन्धान, व्यवस्थापन र विस्तारका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न र नेपाली सिनेमा बजारको विस्तारका लागि निरन्तर योगदान गरिरहेका व्यक्ति तथा सस्थाहरुसँग सहकार्य, समन्वय गरी प्रोत्साहन र प्रवर्द्धन गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ। विट पत्रकारिताको समस्या सम्बोधन गरी यसको संरक्षण र प्रवर्द्धनका लागि विशेष योजना बनाउनुपर्ने, अनलाइन पत्रिका तथा बिट पत्रकारितालाई पनि लोककल्याणकारी विज्ञापनले समेट्नुपर्ने घोषणापत्रमा उल्लेख गरिएको छ।

स्वायत्त चलचित्र उद्योगका लागि समयानुकूल र नेपाली चलचित्रको विकासका लागि प्रभावकारी रुपमा चलचित्र ऐन यथाशक्य संशोधन गर्नुपर्ने र नेपाली सिनेमाको माध्यमबाट पर्यटन प्रवर्द्धनका लागि प्रभावकारी कार्यक्रमहरु तय गर्नुपर्नेसमेत घोषणापत्रमा समावेश गरिएको छ। यस्तै, कला, संस्कृति र पहिचानसहितको मौलिक चलचित्र तथा अन्तर्राष्ट्रियरुपमा प्रतिनिधित्व गर्ने नेपाली चलचित्र वा चलचित्रकर्मी र महोत्सवहरुमा जाने चलचित्र तथा चलचित्रकर्मीलाई प्रोत्साहन तथा प्रवर्द्धन र प्रचारप्रसार गर्नुपर्ने घोषणापत्रमा जनाइएको छ।

श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन गर्नुपर्ने, सरकारले पत्रकार सम्बद्ध संघसंस्थालाई दिँदै आएको सहुलियत अनुदान रकम वृद्धि गरी आर्थिक वर्षको सुरुवातमै उपलब्ध गराउनुपर्ने घोषणापत्रमा छ। हेटौंडाको मकवानपुरगढी, शहीद स्मारक, कुष्माण्ड सरोवर त्रिवेणी धाम, वनस्खण्डी, भूटनदेवी मन्दिर, पाथिभरा, पुष्पलाल पार्क, चिप्लेटी गाउँ, हर्नामाडी मूर्तिपार्क लगायतका ठाउँहरुलाई प्रवर्द्धनका लागि सिनेमामार्फत् प्रस्तुत गर्न र त्यसका लागि स्थानीय सरकारले समन्वय र सहुलियतको व्यवस्था गर्नुपर्ने माग राख्दै घोषणापत्र जारी गरेको छ।

# क्योकोसिन कराँतेका जिल्ला अध्यक्ष न्यौपाने सम्मानित

समाज संवाददाता

हेटौंडाः ललितपुर महानगरपालिकामा भएको मेयर कप राष्ट्रिय फुलकन्ट्याक्ट क्योकोसिन कराँते प्रतियोगिता सम्पन्न भएको छ। नेपाल बालकुमारी क्योकोसिन कराँते संघको आयोजनामा आइतबार र सोमबार २ दिनसम्म सञ्चालित प्रतियोगिता सम्पन्न भएको हो।

प्रतियोगितामा मकवानपुर जिल्लाको प्रतिनिधित्व गरेर सहभागी हुने खेलाडीमध्ये ५० केजी तौल समूहबाट रेश्मा थापा प्रथम भएकी छिन्। ४५ केजी तौल समूहबाट रिदम थापा द्वितीय भएका छन्। ४० केजी तौल समूहमा प्रनिशा भ्लोन तृतीय र ५५ केजी तौल समूहबाट लक्ष्मी थिङ तृतीय भएकी छिन्।

प्रतियोगिता समापन कार्यक्रममा मकवानपुर जिल्ला क्योकोसिन कराँते संघका अध्यक्ष बुद्धिनाथ न्यौपानेलाई कदरपत्रसहित सम्मान गरिएको छ। जिल्लामा क्योकुसिन कराँतेको विकास र बिस्तार गर्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेकोमा बालकुमारी क्योकोसिन कराँते संघका संस्थापक अध्यक्ष सुरेन डंगोलले अध्यक्ष न्यौपानेलाई सम्मान गर्नुभएको हो। आफू सम्मान भएकोमा खुसी व्यक्त गर्नुहुँदै उहाँले आउने दिनहरुमा कराँते खेलको विकासको लागि सक्ने कार्यहरु गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। न्यौपानेले महासचिव विकास महर्जन, बिष्णु श्रेष्ठ, सुदर्शन खतिवडा, सुसन श्रेष्ठ, सुमन कर्माचार्य, सीता श्रेष्ठलगायतलाई धन्यवाद व्यक्त गर्नुभएको छ।

# राक्सिराङमा कृषि सामग्री वितरण

समाज संवाददाता

हेटौंडाः राक्सिराङ गाउँपालिकाले कृषकलाई तरकारी खेतीका लागि आवश्यक सामग्री वितरण गरेको छ। बुधबार गाउँपालिका परिसरमा एक कार्यक्रमका बीच मिलिजुली कृषक समूहलाई तरकारी खेतीका लागि आवश्यक विभिन्न सामग्री वितरण गरेको हो।

५ नम्बर वडाको तरकारी खेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत् मिलिजुली कृषक समूहलाई टनेल प्लास्टिक ११ थान, थोपा सिंचाई १० सेट, ग्रीन नेट १० थान, मल्चिङ्ग प्लास्टिक ५ थान, स्प्रे पम्प १० थान वितरण गरिएको छ। कृषि सामग्री वितरण गर्नुहुँदै गाउँपालिका अध्यक्ष राजकुमार मल्लले तरकारी उत्पादनबाट जीवन निर्वाहका लागि सहज वातावरण बन्ने बताउनुभयो। उहाँले भन्नुभयो, 'यो सामग्रीको प्रयोग गरी आर्गानिक तरकारी उत्पादन गर्दै जानुहोस्, बिक्री वितरणको लागि टाढा जानु पर्दैन। हाम्रै कृषि हाटबजार छ, त्यहाँ खपत हुन्छ। उत्पादनलाई बढाउँदै गर्नु, थप आवश्यक कृषि सामग्री र प्राविधिकको व्यवस्था हामी गर्छौं।'

तरकारी उत्पादन अबधिभर निरन्तर प्राविधिक सेवा प्रदान गरिने पालिकाको कृषि शाखाले जनाएको छ। शाखाका अनुसार उक्त कार्यक्रममार्फत् ३ वटा कृषि समूहका ३० भन्दा बढी कृषकहरु लाभान्वित हुने जानकारी गराउँदै थप २ वटा कृषि समूहलाई चाँडै सामग्री वितरण गरिनेछ। कृषि सामग्री वितरण कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौला, ५ नम्बर वडा अध्यक्ष हरिबहादुर प्रजा, कृषि शाखाका संगम विश्वकर्मा, कृष्ण डुम्रेलगायतको सहभागिता रहेको थियो।

# चितवन र दोलखामा ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकैदिन ४ जनाको मृत्यु भएको छ। बागमती प्रदेशको चितवन र दोलखा जिल्लामा एकैदिन ४ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। चितवन जिल्लाको खैरहनी नगरपालिका-२, चैनपुरमा एकजना मृत अवस्थामा फेला परेका छन्। मृत्यु हुनेमा २४ वर्षीय कृष्णप्रसाद खनाल रहेको प्रहरीले जानकारी दिएको छ।

मंगलबार सोही स्थानमा बन्दै गरेको हर्वल कम्पनीको पर्खाल नजिकै छेउमा पुरुष मृत अवस्थामा रहेको खबर प्राप्त हुना साथ प्रहरी टोली खटि गई हेर्दा खनालको घाँटीमा धारिलो हतियार तरकारी काट्ने चक्कु रोपी रहेको अवस्थामा मृत फेला परेका थिए। घटनाबारे अनुसन्धान भईरहेको प्रहरीले जानकारी दिएको छ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, कमलनगरमा एकजना वेबारिसे पुरुषको मृत्यु भएको छ। मंगलबार बिहान ८ बजेर ३० मिनेटको समयमा अन्दाजी ३५ वर्षीय पुरुष सडकमा बेहोस अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ। पुरुषलाई उपचारका लागि उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

यस्तै, दोलखा जिल्लाको कालिन्चोक गाउँपालिका-२, बाबरेमा एकजना वृद्ध मृत फेला परेका छन्। मंगलबार दिउँसो १२ बजेर ३० मिनेटको समयमा अन्दाजी ७५ वर्षीय वृद्ध पुरुष रहेको प्रहरीले जानकारी दिएको छ। मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि पशुपती चौलागाई स्मृति अस्पताल चरिकोटमा लगिएको प्रहरीले जानकारी दिएको छ

यस्तै, दोलखा जिल्लाको जिरी नगर पालिका-८, त्रिशुलेघाटमा बाटोबाट लडेर एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ३१ वर्षीय फल बहादुर सुनुवार रहेको प्रहरीले जानकारी दिएको छ। मंगलबार दिउँसो ४ बजेको समयमा सुनुवार घर फर्कने क्रममा बाटोबाट २० मिटर तल लडी घटनास्थलमा नै मृत्यु भएको थियो।

# दुर्घटनामा २ जनाको मृत्यु, ४ जना गम्भीर घाइते

समाज संवाददाता

हेटौंडाः बारा जिल्लामा योद्धा पिकअप र ट्रक आपसमा ठोकिँदा २ जनाको मृत्यु भएको छ। बुधबार बिहान ५ बजेर ३५ मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत बाराको जीतपुर सिमरा उपमहानगर पालिका-१, आधाभारमा दुर्घटना हुँदा २ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ।

दुर्घटनामा परी अन्य ४ जना गम्भीर घाइते भएका छन्। मृत्यु हुनेमा योद्धा पिकअप चालक नुवाकोट जिल्लाको बिदुर नगरपालिका-९, कोल्नीका ३० वर्षीय सुजन मगराती र पिकअपमा सवार भारतको बिहार राज्यको मोतिहारीका २८ वर्षीय चन्दन चौहान रहेको प्रहरीले जनाएको छ। सिमराबाट हेटौंडातर्फ जाँदै गरेको ना ६ ख ३३५२ नम्बरको ट्रक र हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको बा प्र ०१-०२६ च १३३४ नम्बरको योद्धा पिकअप एक आपसमा ठोकिँदा योद्धा पिकअपमा सवार ५ जना गम्भीर घाईते भएका थिए। घाइते भएकाहरुको उपचारका लागि न्यूरो अस्पताल बारामा लागिएको थियो। उपचारको क्रममा मगराती र चौहानको मृत्यु भएको प्रहरीले उल्लेख गरेको छ।

दुर्घटनामा परी भारतको बिहार राज्यको मजफरपुर जिल्ला, परखना मोतिपुर थाना, दरूराज ग्राम सिसुवाका २२ वर्षीय राहुल चौधरी, १७ वर्षीय सुदिप चौहान, भारतको बिहार राज्यको गोरखपुरका १९ वर्षीय राम लखन चौहान र ट्रक चालक बारा जिल्लाको जीतपुर-सिमरा उपमहानगर पालिका-२, हुलासटोलका ३० वर्षीय रवि पटेलको न्यूरो अस्पताल बारामा उपचारमा भइरहेको प्रहरीले जनाएको छ।




# अटो पल्टिँदा घिमिरेको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी-४, ज्वालादेवीमा अटो अनियन्त्रित भई पल्टिँदा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ३० वर्षीय सुमन भन्ने देविबहादुर घिमिरे रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो।

बुधबार बिहान ६ बजेर १५ मिनेटको समयमा ज्वालादेवीस्थित भित्री सडकखण्डमा धादिङबजारबाट ज्वालादेवीतर्फ जाँदै गरेको ना २ ह ५२६८ नम्बरको अटो अनियन्त्रित भई पल्टिँदा अटो चालक घिमिरेको निधारमा र टाउकोमा चोट लागेको थियो। उपचारका लागि घिमिरेलाई हेटौंडा अस्पताल ल्याइएकोमा उपचारको क्रममा बुधबार बिहान ६ बजेर ५८ मिनेटमा डाक्टरले मृत घोषणा गरेको भण्डारीले जानकारी दिनुभयो। घटनाबारे अनुसन्धान कार्य जारी रहेको र शव पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा नै राखिएको छ।

## श्री बुद्ध माध्यमिक विद्यालय

बकैया गाउँपालिका-३, हात्तीसुँडे, मकवानपुर

### बस विक्रेता कम्पनी वा फर्मलाई सूचीकृत हुन आउने सम्बन्धी सूचना

*सूचना प्रकाशित मिति २०८०/११/१० गते*

प्रस्तुत विषय सम्बन्धमा यस विद्यालयमा बाग्मती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, हेटौंडाद्वारा आ.व.२०८०/०८१ मा प्रदान गरिएको अनुदान कार्यक्रमबाट बस खरिद गर्नुपर्ने भएकोले स्पेसिफिकेसनअनुसारका सर्तहरु पालना गर्ने गरी विद्यालय बस उपलब्ध गराउन सक्ने अधिकृत विक्रेता वा उत्पादकहरुले सूचीकृत हुन सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा तपसिल बमोजिम कागजपत्रसहित रितपूर्वक निवेदन दिनुहुन अनुरोध गरिन्छ।

१. विद्यालयमा सूचीकृत हुने व्यहोराको निवेदन।
२. विद्यालय बस उपलब्ध गर्नसक्ने सम्बन्धी तयार गरेको क्याटलग, ब्रोसर तथा विश्वसनीय कागजपत्रहरु।
३. आफ्नो व्यवसायको दर्ता प्रमाणपत्र PAN/VAT नम्वर तथा २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. रितपूर्वक नआएको निवेदन उपर कुनै कारवाही हुने छैन।
५. यस सम्बन्धी सम्पूर्ण अधिकार विद्यालय व्यवस्थापन समितिमा रहने छ।
६. स्वीकृत स्पेसिफिकेसन विद्यालयबाट उपलब्ध हुने छ।

**थप जानकारीका लागि**

**सम्पर्क नं. ९८५१०५८३४०, ९८६६९०९७७९, ९८४५४००३८६।**

## मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८०/१०/२५ मा जारी भएको

### नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदकः- हर्क बहादुर बल (भतिजो) जग्गा धनिः कल बहादुर बल (ठूलबुवा)
बुवाः- बिर बहादुर बल/हजुरबुवा-लालबहादुर बल

यसमा जिल्ला मकवानपुर साविक राक्सिराङ गाविस वडा नंवर ५ को कि.नं. ८० को क्षेत्रफल ज.रो. ७-१४-३-० जग्गाको जग्गाधनि कल बहादुर वलको मिति २०६९/०४/०६ मा मृत्यु भएको, निज जग्गाधनि र निवेदकको एक मात्र पत्नि सेती माया बलको पनि मिति २०४६/०३/१२ मा मृत्यु भएको, जग्गाधनि कल बहादुर बल र निजकी पत्निको तर्फबाट कुनै पनि सन्तानको जायजन्म नभएको निज जग्गा धनिका बुवा आमा लाल बहादुर बल तथा गोरी माया बलको पनि क्रमशः २०५१/०५/०३ मा र २०३४ सालमा नै मृत्यु भईसकेको, निजको बाजे भगतु राम बल र बजै मरमाया बल क्रमशः २००८ र २०१० सालमा मृत्यू भईसकेको, निज जग्गा धनिको बुवा लाल बहादुर र आमा गौरीमायाबाट जायजन्म भएका तीन छोराहरु जेठो जग्गा धनि कल बहादुर बल माहिलो उर्गेन बल र कान्छो विर बहादुर बल भएकोमा उर्गेन बल मिति २०४०/०१/१२ मा अविवाहित अवस्थामा मृत्यु भएको र कान्छो विर बहादुर बल २०४७/०१/१६ मा मृत्यु भएको र निजको एक मात्र पत्नि सानुमाया बल २०५२ साल तिर पतिको मृत्यु पश्चात दोस्रो विवाह गरी अन्यत्र गएको र निज विर बहादुर र निजको पत्निको तर्फबाट दुई छोराहरु हर्क बहादुर बल र जगत बहादुर बल भएको र एक छोरीको जायजन्म भएकीमा विवाह गरी गईसकेको र जग्गा धनि कल बहादुर बलको मृत्यु अगाडिको पालन पोषण, औषधि उपचार तथा मृत्यु पछाडिको सदगद तथा काजकृया समेत विर बहादुरका छोराहरु हर्क बहादुर बल र जगत बहादुर बलले नै गरेको भनि जगत बहादुर बलको मंजुरीले निवेदक म हर्क बहादुर बलको नाममा एकलौटी नामसारी गराइपाउँ भनि निवेदकले मागदावी निवेदन पेश गर्नु भएकोमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनिको हकदारहरु अरु कोही भए वा जग्गाधनिको पालन पोषण अरुलेनै गरेको भए वा उल्लेखित जग्गामा अरु कोहि कसैको हकभोग भएको भए वा निवेदकको माग बमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण भए यो सूचना प्रकासित/जारी भएको मितिले ३५ (पैंतीस) दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ। पछि कुनै उजुरबाजुर लाग्ने छन।

## मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडाको

### लेखा अधिकृत पदपूर्ति गर्नेसम्बन्धी सूचना

*(दोश्रो पटक प्रकाशित मितिः २०८०/११/१०)*

यस मकवानपुर बहुमुखी क्याम्पस हेटौंडाका लागि निम्न बमोजिमको स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले क्याम्पस सेवा समितिको मिति २०८०/०९/२२ गतेको निर्णयानुसार मिति २०८०/०९/२४ गते विज्ञापन प्रकाशन गरिएकोमा पर्याप्त आवेदन नपरेकोले देहाय वमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र वैयक्तिक विवरण, आवश्यक प्रमाणपत्रका प्रतिलिपिहरु समेत संलग्न गरी क्याम्पसबाट उपलब्ध गराइएको दरखास्त फारम भरी कार्यालय समयभित्र बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**विज्ञापन नं.: १२/२०८०/२०८१**

पदः लेखा अधिकृत (सहायक प्रशासक सरह)
संख्याः १ (एक)
न्यूनतम योग्यताः- मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक वा अर्थशास्त्र, गणित, तथ्यांकशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सोसरह उत्तीर्ण भएको।
छनौट विधि : लिखित, मौखिक र प्रयोगात्मक
पाठ्यक्रमः लोकसेवा आयोगले तोकेअनुसार।
उमेरः दरखास्त दिने अन्तिम मितिसम्म न्युनतम उमेर २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गको हकमा ४० वर्ष उमेर ननाघेको हुनुपर्ने।
पारिश्रमिक : क्याम्पसको नियमानुसार।
दरखास्त दस्तुर : रु. १,०००। (एक हजार) मात्र।

**मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा**

**सम्पर्क नं. : ०५७-५२०६२०, ५२१८६७, ५२३७६२**

# राप्रपाले माग्यो प्रधानमन्त्रीको राजिनामा



*प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै ।*

समाज संवाददाता

हेटौँडाः राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले प्रधानमन्त्रीको राजिनामा मागेको छ । देशभर जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराउने क्रममा राप्रपाले प्रधानमन्त्री पुष्पकमल दाहालको राजिनामा मागेको हो । बुधबार राप्रपा मकवानपुरका अध्यक्ष सागर थापाले मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्य प्रसाद सेडाईलाई ४० बुँदे माग उल्लेखित ज्ञापनपत्र बुझाएको छ ।

राप्रपाले केन्द्रीय निर्देशन अनुसार बुधबार ७७ वटै जिल्लामा ज्ञापनपत्र बुझाएको हो । राप्रपाको टोली पार्टी कार्यालयबाट कान्तिराजपथ, बुद्ध चोकहुँदै नाराबाजी गर्दै जिल्ला प्रशासन कार्यालय पुगेका थियो । प्रदर्शनकारीहरुले प्रधानमन्त्री राजिनामा दे, प्रदेश सरकार खारेज गर, संघीयता खारेज गर, हिन्दुराष्ट्र कायम गर, भ्रष्टाचार बन्द गर भन्दै नाराबाजी गरेका थिए । देशमा २०४६ सालमा राज्यको नियमित खर्च ३५ प्रतिशत र विकास खर्च ६५ प्रतिशत रहेकोमा अहिले नियमित खर्च ७३ प्रतिशत र विकास खर्च २७ प्रतिशत मात्र रहेको बताउँदै देशको भविष्यप्रति कुनै नागरिक विश्वस्त हुन नसक्ने राप्रपाले जनाएको छ ।

पछिल्लो समय व्यवसायीहरूमा बढेको निराशाका कारण पूँजी पलायन बढ्दो रहेको, देश भित्रभित्रै खोक्रो बनिसकेको र देश बनाउने मात्र नभई बचाउनु पर्ने विन्दुमा रहेको राप्रपाको ठहर छ । विगत र वर्तमानका राम्रा र आवश्यक पक्षहरूलाई स्वीकार गर्दै राष्ट्रियतालाई सर्वोपरी साध्य, प्रजातन्त्रलाई अपरिहार्य आधार, राजसंस्थालाई राष्ट्रिय एकताको प्रतिक, सनातन हिन्दू धर्मलाई धार्मिक सहिष्णुता र सामाजिक सौहार्द्धताको जग र उदार अर्थतन्त्रलाई कल्याणकारी राज्य र समतामूलक समृद्धिको मेरुदण्ड मान्दै बृहत् राष्ट्रिय एकता गरी "नवीन समझदारी" मार्फत मुलुकलाई निकास दिन आवश्यक रहेको राप्रपाको माग छ ।

राप्रपाले देशको अभिभावकीय भूमिकामा संवैधानिक राजसंस्था हुनुपर्ने राप्रपाको माग छ । धर्मान्तरणमा तत्काल रोक्न, प्रदेश संरचनाको खारेजी गर्न, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री हुनुपर्ने माग राखेको छ । यस्तै, कार्यकारी पदहरूमा एक व्यक्ति दुई कार्यकाल भन्दा बढि बस्न नपाउने संवैधानिक/कानूनी व्यवस्था हुनुपर्ने, संवैधानिक निकायहरूको नियुक्तिमा राजनीतिक भागबण्डा हावी नहुने संवैधानिक सुनिश्चितता गर्नुपर्ने, देशभरी निशुल्क र गुणस्तरीय सार्वजनिक शिक्षा र स्वास्थ्यको सुनिश्चितताका लागि आवश्यक उपायहरूको अवलम्वन गर्नुपर्ने, भ्रष्टाचार न्यूनिकरण, पारदर्शिता, जवाफदेहिता र प्रभावकारी कार्य सम्पादनका लागि राज्यका सम्पूर्ण संयन्त्रको अन्तर्राष्ट्रिय स्तरको "डिजिटलाईजेशन" गर्नुपर्ने माग राप्रपाले राखेको छ ।

यस्तै, एनसेल, ललिता निवास, वाइडबडी, सुन, नक्कली भुटानी शरणार्थी, गोकर्ण रिसोर्ट काण्ड लगायत सबै ठूला भ्रष्टाचारहरुको पुनः र पूर्ण छानविन हुनुपर्ने, सहकारी र लघुवित्तको प्रभावकारी नियमन गर्दै बचतकर्ताको बचत सुरक्षाको ग्यारेन्टी हुनुपर्ने, जोखिममा रहेका व्यवसायी तथा लघुवित्त र सहकारीका साना ऋणीहरूलाई राहत प्याकेजको घोषणा गर्न, निर्माण व्यवसायीहरुको भुक्तानी दिन, सार्वजनिक खरिद तथा वन ऐनमा संशोधन गर्नुपर्ने, नेपालको उर्जा खपत बढाउन पनि माग गरिएको छ ।

## दादुरा-रूबेला खोप अभियान

# मकवानपुरमा ५२० वटा खोप केन्द्र

समाज संवाददाता

हेटौँडाः दादुरा-रुबेला विरुद्धको खोप कार्यक्रम यही फागुन १३ गतेदेखि १९ गतेसम्म सञ्चालन हुने भएको छ । मकवानपुर जिल्लामा ५ सय २० वटा खोप केन्द्रबाट खोप लगाइने भएको छ । दादुरा-रुबेला खोप अभियानमा ९ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई खोप लगाइने छ ।

बुधबार स्वास्थ्य कार्यालय मकवानपुरले दादुरा-रुबेला खोप कार्यक्रमबारे सञ्चारकर्मीलाई अभिमुखीकरण गराएको छ । कार्यक्रममा स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्ण बहादुर मिजारले खोपका कारण भइरहेको मृत्युलाई कम गर्ने उद्देश्यले अभियान सञ्चालनमा आएको बताउनुभयो । कार्यक्रममा प्रमुख मिजारले दादुरा-रुबेला खोप अभियान २०८०/०८१ को प्रस्तुतीका साथ अभियानको तयारीबारे जानकारी दिनुभएको छ ।

पहिले लगाउन छुटेका खोपमध्ये खोपको विवरण खोप कार्ड भएमा डिपीटी, हेपाटाइटिस बी, पिसिभी र आईपिभी खोप पनि लगाउन पाइने बताइएको छ । मकवानपुरमा खोप लागाउनका लागि हेटौंडा उपमहानगरपालिकामा एक सय २८ वटा खोप केन्द्र तोकिएको छ । यस्तै, थाहा नगरपालिकामा ४३ वटा, इन्द्रसरोवर गाउँपालिकामा १६ वटा, भीमफेदी गाउँपालिकामा ३८ वटा, कैलाश गाउँपालिकामा ५१ वटा खोप केन्द्र तोकिएको छ ।

मनहरी गाउँपालिकामा ४८ वटा, रक्सिराङ गाउँपालिकामा ५३ वटा, मकवानपुरगढी गाउँपालिकामा ३९ वटा, बकैया गाउँपालिकामा ५४ वटा र बागमती गाउँपालिकामा ५० वटा खोप केन्द्र तोकिएको छ । धनुषा, महोतरी, रौतहट, पर्सा, नुवाकोट बाहेक हालसम्म ७२ जिल्ला र ६ सय ३३ वटा स्थानीय तहमा खोप कार्यक्रम घोषणा गरिएको छ । स्वास्थ्य कार्यालय मकवानपुरले दादुरा-रुबेला खोप अभियानका लागि तीन सय ४० जना स्वास्थ्यकर्मीलाई तामिल दिइएको प्रमुख मिजारले बताउनुभयो ।

कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेडाइ, जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रमुख ललित बहादुर घलान, हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाको पनि उपस्थिति रहेको थियो ।

# सिटी कलेजमा खेलकुद महोत्सव

समाज संवाददाता

हेटौँडाः हेटौँडा-५, पिप्लेस्थित हेटौँडा सिटी कलेजमा बिहिबारदेखि शनिबारसम्म खेलकुद महोत्सव हुँदैछ । कलेजले विद्यार्थीको मानसिक, शारीरिक विकासमा सहयोग पुग्ने र खेलमार्फत विद्यार्थीहरुको सकारात्मक सोँच विकास गर्ने उद्देश्यले खेलकुद महोत्सव आयोजना गर्न लागेको कलेजका सहायक प्रिन्सीपल सुमन्त सिलवालले जानकारी दिनुभयो ।

महोत्सवमा फुटबल, क्रिकेट, भलिबल, टेबलटेनिस, ब्याडमिन्टन, बुद्धिचाल लगायतका खेल हुनेछ । खेलमा प्रथम, द्वितीय र तृतीय हुनेलाई प्रमाणपत्र र शिल्ड, मेडल प्रदान गरिनेछ । खेलकुद महोत्सवमा २ सय भन्दा बढी विद्यार्थी सहभागी हुने अपेक्षा गरेको छ । कलेजले हरेक शुक्रबार अतिरिक्त क्रियाकलापअन्तर्गत साँस्कृतिक कार्यक्रम, दन्त परीक्षण शिविर, आँखा शिविर, रक्तदान कार्यक्रम गर्दै आएको सिलवालले बताउनुभयो ।

# १२२ जनाको आँखाको शल्यक्रिया

समाज संवाददाता

हेटौँडाः हेटौँडा सामुदायिक आँखा अस्पतालले बुधबार मोतिविन्दु भएका एक सय २२ जनाको आँखाको शल्यक्रिया गरेको छ । अस्पतालले तीन दिने शिविरबाट पहिचान भएका मोतिविन्दु बिरामीको निःशुल्क शल्यक्रिया गरेको हेटौँडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिनुभयो ।

रोटरी क्लब अफ मकवानपुर र रोटरी क्लब अफ काठमाडौं मिड टाउनको आयोजनामा भएको शिविरमा हेटौँडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोग रहेको थियो । शिविर मकवानपुर जिल्लाको मनहरी गाउँपालिका र हेटौँडा उपमहानगरपालिकाको पदमपोखरीमा भएको थियो भने बारा जिल्लाको मधुवन, वृन्दावन र महागढिमाईमा आयोजना गरिएको थियो । बिहिबार पनि सामुदायिक आँखा अस्पतालमा शल्यक्रिया हुनेछ ।

# गाँजासहित ३ जना पक्राउ

समाज संवाददाता

हेटौँडाः हेटौँडा-११, थानाभर्‍याङबाट प्रहरीले ५४ किलो लागुऔषध गाँजासहित ३ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मनहरी गाउँपालिका-२ बस्ने २७ वर्षीय राजकुमार स्याङ्बो, २४ वर्षीय पलगु राजकुमार स्याङ्बो र २३ वर्षीय राम कुमार स्याङ्बो रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । मनहरीबाट हेटौँडा बजारतर्फ जाँदै गरेको ग २३ प ६४३८ नम्बर र बा प्र ०३-००५ प ८९८४ नम्बरको दुई वटा मोटरसाइकललाई मंगलबार बिहान ११ बजेको समयमा राप्ती पुल नजिक रोकेर सुरक्षाजाँच गर्दा मोटरसाइकलमा सवार उनीहरुको साथबाट लागुऔषध गाँजा ५४ किलो बरामद गरेको थियो । लागुऔषध गाँजा, मोटरसाइकलसहित तीनै जनालाई नियन्त्रणमा लिई आवश्यक कार्बाहीका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुर लगिएको प्रहरीले जानकारी दिएको छ ।

# आँखा अस्पतालमा टेलिफोनबाटै टोकन लिन सकिने

समाज संवाददाता

हेटौँडाः हेटौँडा सामुदायिक आँखा अस्पतालले बिरामीलाई टेलिफोनबाटै टोकन उपलब्ध गराउने भएको छ । विरामीको सहजताका लागि अस्पतालले फागुन १५ गतेदेखि टेलिफोनबाटै टोकन लिन सकिने व्यवस्था गरेको जनाएको छ ।

बिहान साढे ६ बजेदेखि ११ बजेसम्म टेलिफोनबाट टोकन लिन सकिने र साढे १२ बजेसम्ममा विरामीले नाम दर्ता गराइसक्नुपर्ने हेटौँडा सामुदायिक आँखा अस्पतालका वरिष्ट प्रशासकीय अधिकृत सुधीर श्रेष्ठले जानकारी दिनुभएको छ । अस्पतालले टोकन लिनका लागि मोवाइल नम्बर ९७६७४९०५६७ मा फोन गरेर टोकन लिन सकिने जनाएको छ ।

टोकन लिने समय, टिकट लिने समय र आँखा जाँचका लागि बहिरंग सेवामा लाइन बस्नुपर्ने समय फरक फरक हुँदा सेवाग्राहीले बिहानै आएर कुर्नुपर्ने अथवा पटक-पटक आउजाउ गर्न झन्झटिलो भएको भन्दै सेवाग्राहीले गुनासो गर्दै आएका थिए । टेलिफोनबाटै टोकन लिएपछि टिकट काट्न र बहिरंग सेवामा लाइन बस्न एकैपटकमा सहज हुने अस्पताल प्रशासनको विश्वास छ ।

हेटौँडा सामुदायिक आँखा अस्पतालमा अहिले दैनिक ३ सयदेखि ३ सय ५० जनाले बहिरंग सेवा लिने गरेका छन् । हेटौँडा सामुदायिक आँखा अस्पतालमा एक दिनमा बढीमा ४ सय जनासम्मले बहिरंग सेवा लिएका छन् ।

# एन्फाको साधारणसभाका लागि करिब ६६ लाख बजेट पारित

समाज संवाददाता

हेटौँडाः अखिल नेपाल फुटबल संघ एन्फाको फागुन १४ गते हुने नियमित साधारणसभाका लागि करिब ६७ लाख रुपैयाँ बजेट पारित भएको छ । सोमबार एन्फाका अध्यक्ष पंकजविक्रम नेम्वाङको अध्यक्षतामा बसेको कार्यसमिति बैठकले नियमित साधारणसभाका लागि ६६ लाख ८२ हजार ४ सय ६० रुपैयाँ बजेट पारित गरेको हो ।

सोमबार बसेको कार्यसमिति बैठकले संघको चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यहरुमा कार्यकारी समितिको संशोधनसहितको प्रस्ताव निर्णयार्थ साधारणसभामा पेश गर्ने निर्णय गरेको छ । बैठकले आगामी वर्ष २०८१/०८२ को वार्षिक कार्यक्रम तथा बजेट निर्माणका लागि कार्यकारी समितिको प्रस्तावमा ५ सदस्यीय समिति गठन गरेको छ । समितिको संयोजकमा संघका वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्का र सहसंयोजकमा विराटजंग शाही रहनुभएको छ । समितिको सदस्यमा दीर्घबहादुर केसी र संघका केन्द्रयी सदस्य रवीन्द्र चन्द चयन हुनुभएको छ ।

संघले सन् २०२४ को वार्षिक खेल तालिका कार्यसमिति बैठकमार्फत् पारित गरी साधारणसभामा पेश गर्ने निर्णय गरेको छ । संघको आर्थिक नियमावली र कार्यविधि परिमार्जनको निष्कर्षसहितको प्रस्ताव साधारणसभामा निर्णयार्थ पेश गर्ने निर्णय गरेको छ । संघको गत आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन पारित गरी साधारणसभामा पेश गर्ने निर्णय गरेको छ । यस्तै, संघको स्वतन्त्र समितिमध्ये लेखापरीक्षण तथा अनुशासन समितिको विषयमा वर्तमान समितिलाई नै आगामी वर्षको लागि जिम्मेवारी प्रदान गर्ने प्रस्ताव नियमति साधारणसभामा निर्णयार्थ पेश गर्ने निर्णय गरेको छ ।


# अन्तर्राष्ट्रिय तेक्वान्दोमा हेटौँडाका सबै खेलाडीलाई पदक

समाज संवाददाता

हेटौँडाः छिमेकी मुलुक भारतको नयाँ दिल्लीको नोयडामा भएको प्रथम प्रधानमन्त्री कप आमन्त्रण तेक्वान्दो प्रतियोगितामा सम्पन्न भएको छ । आइतबारबाट सुरु भएको प्रतियोगितामा मंगलबार सम्पन्न भएको हो । मंगलबार भारतमा सम्पन्न भएको प्रतियोगितामा हेटौँडाबाट सहभागी सबै खेलाडीले पदक प्राप्त गर्न सफल भएका छन् । हेटौँडाका शिवहरी राईले स्वर्ण र रजत पदक गरी २ वटा पदक प्राप्त गरेका छन् ।

राईले पुम्से विधामा स्वर्ण र सिनियर अण्डर ४० तौल समूहमा रजत पदक प्राप्त गरेको मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका सचिव विक्रम लामिछानेले जानकारी दिनु भएको छ । यस्तै संयोग माझीले स्वर्ण प्राप्त गरेका छन् भने रविन्द्र डंगोल, प्रशन्न पौडेल र कृतिका बर्तौलाले रजत पदक प्राप्त गर्न सफल भएको सचिव लामिछानेले बताउनुभयो । हेटौँडाबाट सहभागी हुने खेलाडीहरुसँग टिम कोचको रुपमा विक्रम लामिछाने र रेफ्रिको रुपमा निरु कुमारी मगर दिल्ली जानु भएको थियो । प्रतियोगिता नोयडा तेक्वान्दो संघले आयोजना गरेको हो ।

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**







समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ